| | |
|---|---|
| अगस्त २०२० | जीवन कथा संकलन सुरु |
| जुलाई २०२० | राष्ट्रिय योजना कार्यशाला सम्पन्न |
| | दोस्रो कार्यमूलक अनुसन्धान कार्यशाला सम्पन्न |
| जुलाई २०२० | कथा संकलनका लागि टूलकिट र दस्ताबेजको विकास |
| फेब्रुवरी २०२० | पहिलो कन्सोरटियम बैठक सम्पन्न |
| फेब्रुवरी २०२० | पहिलो कार्यमूलक अनुसन्धान कार्यशाला सम्पन्न |
| फेब्रुवरी २०१९ | बालबालिकाहरूको नेतृत्व र वयस्क मनोरञ्जन क्षेत्रबारे प्रारम्भिक स्कोपिंग |
| अक्टोबर २०१८ | बैंककमा क्षेत्रीय कार्यक्रम कार्यशाला सम्पन्न |
| सेप्टेम्बर २०१७ | परियोजनाको अवधारणा तयार |

## हाम्रो कार्यशैली

- बालबालिका तथा युवाहरूको कार्यमूलक अनुसन्धान समूहले उनीहरूलाई शोषणपूर्ण अवस्थामा पुऱ्याउने कारणहरू विश्लेषण गर्ने र व्यवहारिक समाधानहरूको पहिचान गर्ने ।
- कार्यक्रमको समीक्षा बैठक नियमित रूपमा गर्ने र प्रमाण र रचनात्मक समाधानका लागि बाल-केन्द्रित दृष्टिकोण अपनाउने ।
- बालबालिका तथा उनीहरूका परिवारहरूलाई पैरवी, स्थानीय निर्णय प्रक्रिया तथा गतिविधिहरूमा सहभागी हुने अवसरको खोजी गर्ने ।
- अनुगमन, मूल्यांकन र सिक्ने अवधारणा अन्तर्गत प्राप्त प्रमाणहरू, रचनात्मक कार्यहरू र अनुकुलन व्यवस्थापनका सिकाईहरूलाई कन्सोर्टियमभित्र प्रयोग गर्ने ।

## कन्सोर्टियम साझेदारी संस्थाहरू

### ग्लोबल

**इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडिज (आईडीएस)**

आईडीएस एउटा दिगो र न्यायसंगत परिवर्तनको लागि विश्वव्यापी अनुसन्धान र शिक्षण संगठन हो । क्लारिसामा आईडीएसले निकृष्ट किसिमको बालश्रम अन्त्य गर्ने उपायहरूको ज्ञान सह-विकास गर्ने मिशनको नेतृत्व आईडीएसले गर्दछ ।

थप जानकारीका लागिः https://www.ids.ac.uk/

**चाइल्डहोप युके (सीएचयूके)**

क्लारिसाको कोर (core) साझेदारको रूपमा सीएचयुकेको भूमिका भनेको भ्वाइस अफ चिल्ड्रेन (नेपाल) को आयोजक संस्थाको रूपमा सहायता प्रदान गर्ने हो जसबाट भ्वाइस अफ चिल्ड्रेनलाई निकृष्ट किसिमको बालश्रममा केन्द्रित भएर सहभागितामूलक प्रक्रिया पुरा गर्न मद्दत पुग्न सक्छ ।

थप जानकारीको लागिः https://www.childhope.org.uk/

**कन्सोर्टियम फोर स्ट्रीट चिल्ड्रेन (सीएससी)**

क्लारिसाको कोर (core) साझेदारको रूपमा सीएससीले बंगलादेश र नेपालका नेपालीहरूसंग काम गर्दछ । सीएससीको सहायतामा ती पार्टनरहरूले बालबालिकाहरूलाई जोखिमपूर्ण र शोषणपूर्ण श्रम हटाउन उनीहरूको राय बुझ्ने काम गर्दछन् ।

थप जानकारीको लागिः https://www.streetchildren.org/

**टीडीएच**

क्लारिसाको कोर (core) साझेदारको रूपमा टीडीएचको भूमिका भनेको म्यानमार र बंगलादेशको आयोजक संस्थाको रूपमा काम गर्दछ भने उसको सहयोगमा पार्टनर संस्थाहरूले सहभागितामूलक प्रक्रिया कार्यान्वयन गर्छ र क्लारिसाको नवीनतम सामाजिक सुरक्षाको परीक्षणको व्यवस्थापन पनि गर्दछ ।

थप जानकारीको लागिः https://www.tdh.ch/en

### नेशनल

**भ्वाइस अफ चिल्ड्रेन (भीओसी)**

चाइल्डहोप यूकेको साझेदारीमा, क्लारिसाको आयोजक संस्थाको रूपमा भीओसीले काम गरिराखेको छ । भीओसीले अदृश्य रूपमा समाजमा विद्यमान बालश्रमका सामाजिक मान्यताहरू खोजी गर्ने काम गर्दछ साथै, सहभागितामूलक प्रक्रिया मार्फत निकृष्ट किसिमको बालश्रमका समस्याका नवीनतम समाधानहरूको खोजी गर्दछ ।

थप जानकारीको लागिः https://www.voiceofchildren.org.np/

**समाज सेवा तथा मानब अधिकारमा महिला तथा बालबालिका (सिविस)**

क्लारिसाको लागि नेपालको साझेदारी संस्थाको रूपमा सिविसले सहभागितामूलक प्रकिया मार्फत निकृष्ट किसिमको बालश्रमका समस्याका नवीनतम समाधानहरू खोजी गर्ने काम गर्दछ । सिविसले परियोजनाको पैरवी र संचारको पाटोमा नेतृत्व गर्दछ ।

थप जानकारीको लागिः https://www.cwish.org.np/

**टीडीएच नेपाल**

क्लारिसामा टीडीएच नेपालले अनुगमन, मूल्यांकन र सिकाइ (मेल) को पाटो व्यवस्थापन गर्दछ ।

थप जानकारीको लागिः https://www.tdh.ch/en/our-interventions/nepal

### सम्पर्क

सिविस - श्रम मार्ग, बुद्धनगर, काठमाडौँ
फोन नम्बरः +९७७ १ ४७९२२१४, ४७९३८४६
इमेलः info@cwish.org.np
वेब साइटः www.cwish.org.np/clarissanepal/

मार्च २०२१ मा प्रकाशित

CLARISSA
Child Labour Action Research Innovation in South & South Eastern Asia

# चाइल्ड लेबरः एक्सन-रिसर्च-इन्नोभेसन इन साउथ एण्ड साउथ-इस्टर्न एसिया

चाइल्ड लेबर: एक्सन-रिसर्च-इन्नोभेसन इन साउथ एण्ड साउथ - इस्टर्न एसिया (क्लारिसा) एउटा कन्सोर्टियम हो जसले सहभागितामूलक कार्य अनुसन्धानबाट बंगलादेश, म्यानमार र नेपालका बालबालिकाहरूलाई जोखिमपूर्ण र शोषणकारी श्रममा लाग्न नदिन रचनात्मक समाधानको खोजी गर्दछ र निकृष्ट किसिमका बालश्रम उन्मूलन गर्न भूमिका खेल्दछ ।


## क्लारिसा नेपाल

नेपालमा यो परियोजनाले वयस्क मनोरञ्जन क्षेत्रमा हुने निकृष्ट किसिमको बालश्रममा केन्द्रित रहेर काम गरिराखेको छ । यो परियोजनाले निकृष्ट किसिमको बालश्रममा रहेका बालबालिकाहरूको जीवन कथा संकलन गरेर उनीहरूको अनुभव र त्यहाँबाट आएका प्रमाणहरूको आधारमा समस्याको रचनात्मक समाधानहरूको खोजी गर्ने कार्य गर्दछ ।

यिनै प्रमाणहरूको आधारमा बालबालिकाहरूलाई केन्द्रमा राखेर क्लारिसाको विस्तृत सहभागितामूलक प्रक्रियाले बालबालिकाहरूलाई निकृष्ट किसिमको बालश्रममा लगाउने कारकहरूबाट टाढा रहन र बालश्रममा लाग्ने बाहेक अरू कुनै विकल्प नभएकाहरूको जीवन स्तर सुधार्ने रचनात्मक समाधानहरूको खोजी गर्दछ ।

## काम गर्ने स्थानहरू

क्लारिसा नेपालले वयस्क मनोरन्जन क्षेत्रमा काम गर्नका लागि चार मुख्य स्थानहरूको पहिचान गरेको छ जहाँ प्रशस्त मात्रामा बालश्रम र वयस्क मनोरञ्जनका माध्यमहरू उपलब्ध छन् ।




- **नयाँ बसपार्क, गोंगबु, बालाजु, बसुन्धरा, सामाखुसी र माछापोखरी**

  घर जानु पूर्व बैदेशिक रोजगारीमा गएका अधिकांस युवा बिशेषगरी पुरूषहरू यी स्थानमा बास बस्ने गरेका छन् । त्यसैले यहाँ थुप्रै संख्यामा वयस्क मनोरञ्जनका माध्यमहरू उपलब्ध छन् ।

- **सुन्धारा, ठमेल, जमल, कमलपोखरी, दरबारमार्ग र बागबजार**

  यी स्थानहरूमा थुप्रै राति अबेरसम्म चल्ने डान्स बार, होटेल, मसाज सेन्टर र स्पाहरू छन् जहाँ विभिन्न क्षेत्रका पर्यटकहरूले मनोरञ्जन लिइरहेका हुन्छन् ।

- **कलंकी, स्वयम्भु र बल्खु**

  कलंकी भनेको काठमाडौंको लागि प्रवेश गर्ने र बाहिरिने स्थान हो जहाँ धेरै मात्रामा गेस्ट हाउस, डान्स बार, दोहोरीहरूले सस्तो मूल्यमा आफ्ना सेवाहरू उपलब्ध गराएका पाइन्छन् । कलंकी लगायत वरपरका क्षेत्रमा बालबालिकाहरूलाई यौनजन्य गतिविधिहरूमा प्रयोग गरिने गर्ने गरेको पाईएको छ । त्यस्ता यौनजन्य गतिविधिमा यातायात क्षेत्रमा संलग्न व्यक्तिहरू, यात्रुहरू र अन्य निम्न आय भएका व्यक्तिहरू ग्राहक हुने गरेको पाइन्छ ।

- **कोटेश्वर, भक्तपुर, झम्सिखेल र इमाडोल**

  यी क्षेत्रहरूमा साना लगानीका वयस्क मनोरञ्जन क्षेत्रहरू रहेका छन् । नेपालको पूर्वी जिल्लाहरूको लागि बाहिरिने र भित्रिने बिन्दुको रूपमा कोटेश्वर रहेको छ । त्यसैले यी क्षेत्रहरूमा यात्रुहरूको आवतजावत हुने भएको कारणले वयस्क मनोरञ्जन व्यवसाय फस्टाएका छन् र बालबालिकाको समेत प्रयोग हुने गरेको पाईएको छ ।

## मार्च २०२१ सम्म भएका गतिविधिहरूको समयरेखा

| महिना/वर्ष | गतिविधिहरू |
|---|---|
| मार्च २०२१ | बाल सहभागिताका स्थानहरू र बाल नेतृत्वमा पैरवीका लागि कार्यशाला |
| मार्च २०२१ | बालबालिकाद्वारा ५० वटा जीवन कथा संकलन सुरू |
| मार्च २०२१ | बालबालिकाहरूको क्षमता विकास गर्ने तालिम सम्पन्न |
| फेब्रुवरी २०२१ | तेस्रो कार्यमूलक अनुसन्धान कार्यशाला सम्पन्न |
| फेब्रुवरी २०२१ | ३५० जीवन कथा संकलन सम्पन्न |
| जनवरी २०२१ | जेनेभा स्थित कूटनीतिज्ञहरु मार्फत विश्वव्यापी आवधिक समीक्षामा सिफारिस |